# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७ संङ्ख्याः ५ मिति २०८० फागुन २७ गते

## भाग २

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले, काभ्रेपलाञ्चोकको
## सूचना

भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

"स्वस्थ घर संचालन कार्यविधि, २०८०"



प्रमाणीकरण मितिः २०८०।११।२९
राजपत्रमा प्रकाशन मितिः २०८०।११।२९

सम्वत् २०८० सालको कार्यविधि नं. ५

**प्रस्तावनाः**नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट प्राप्त हुने अधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ। गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्धन गर्न गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरु र अन्य सरकारी संस्थाहरुमा मार्फत स्वास्थ्य संस्था स्थलमा सकारात्मक सुधार ल्याई प्रत्येक घरलाई स्वस्थ बनाउन बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र परिभाषाः</u> (१) यो कार्यविधिको नाम "स्वस्थ घर" संचालन कार्यविधि, २०८० रहेको छ।

२. यो कार्यविधि भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. पालिका भन्नाले भुम्लु गाउँपालिकालाई सम्झनु पर्छ।

ख. "स्वस्थ घर" भन्नाले स्वस्थ भान्सामा पाकेको खाना खाने, नियमित व्यायाम गर्ने, नियमित चिकित्सा जाँच गर्ने, योग अभ्यास गर्ने, स्वस्थ वातावरण, स्वस्थकर दैनिक

नित्यकर्म, आत्मिय सम्बन्ध भएको अनुशासित परिवारलाई "स्वस्थ घर" भनिन्छ।

ग. स्वास्थ्य सेवा भन्नाले सेवाग्राहि बसोवास गरेको घर स्वास्थ्य संस्था, समुदायमा दक्ष र तालिम प्राप्त स्वास्थ्यकर्मी आफै वा दुर चिकित्सा बिधिबाट सेवाग्राहिलाई प्रदान गरिने सेवालाई स्वास्थ्य सेवा सम्झनु पर्छ।

घ. सेवाग्राहि भन्नाले घरमा वा सुबिधा लिने प्रेषित व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

ङ. सेवा प्रदायक भन्नाले सेवाग्राहि बसोवास गरेको घर स्वास्थ्य संस्था, समुदायमा दक्ष र तालिम प्राप्त स्वास्थ्यकर्मिलाई सम्झनु पर्छ।

च. प्रेषण सेवा भन्नाले घरमा प्रदान गरेको स्वास्थ्य सेवा अपुग भएमा वा थप सेवा आवश्यक माथिल्लो स्वास्थ्य संस्थासम्म पुर्याउन गरिने व्यवस्था र तहाँबाट प्राप्त गरिने सेवालाई प्रेषण सेवा सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य/विशिष्टकृत उद्देश्य

३. <u>उद्देश्यः</u> सिमान्तकृत, अल्पसंख्यक, जनजाति, महिला तथा बालबालिका र पालिकाको सम्पूर्ण जनसमुदायको स्वास्थ्य सुधारको लागि घरायसी तहमा व्यक्ति, घर तथा वातावरणीय स्वास्थ्य र महामारी, प्रेषणको साथ प्राथमिक स्वास्थ्य तथा





प्रवर्द्धनात्मक सेवा प्रदान गरी र स्वास्थ्य सुधारको साथै सहभागीतामा वृद्धि गरी समग्र स्वास्थ्यमा तत्काल र दुरगामी सुधार ल्याउन र स्वास्थ्य सुधारका थप सम्भावनाको खोजि, अनुसन्धान र विकास गर्ने।

### ३.१ <u>विशिष्टकृत उद्देश्यः</u>

क. घरधुरीमा नै लक्षित वर्गको सहभागितामा स्वास्थ्य सेवा प्रदान गर्ने।

ख. घरायसी तहमा सुमधुर पारिवारिक अन्तरसम्बन्ध, स्वस्थ पानी, सरसफाई, पोषण, प्रेषण सेवालाई नियमित वा आवश्यकताको आधारमा प्रदान गर्ने।

ग. महामारीको व्यवस्थापन (पूर्वतयारी) र जनस्वास्थ्यका गतिविधिलाई घर हुदै टोल समुदाय तहसम्म प्रदान गर्ने।

घ. प्राथमिक उपचार र प्रेषण सेवालाई घरघुरी तहमाजोड्ने।

ङ. स्थानीय स्वास्थ्य सम्बन्धी ज्ञान, व्यबहार र चलनलाई लेखन, परिस्कृतिकरण तथा त्यसमा आधारित हुदै नवप्रवर्धन गर्ने।

च. यो कार्यक्रम सबै वडाहरुमा क्रमैसँग विस्तार गरी अर्को निर्णय नभए सम्म निरन्तर रुपमा सञ्चालन गरिनेछ।

## परिच्छेद-३

## स्वस्थ घर सेवाको लागि सेवाग्राही

४. "स्वस्थ घर" सेवाको लागि सेवाग्राहीः (१) "स्वस्थ घर" मा आधारित स्वास्थ्य सेवा लिनका लागि देहाय बमोजिमको सेवाग्राहि रहनेछ।

क) सिमान्तकृत, अल्पसंख्यक, जनजाति, महिला तथा बालबालिका र पालिकामा बसोबास गर्ने समुदाय।

ख) दीर्घरोगी वा घरमा नै बसी लामो समय उपचार लिनुपर्ने विरामी।

ग) शारीरिक वा मानिसक अस्वस्थता तथा अपाङ्गताको कारणले हेरचाह गर्नुपर्ने विमारी।

घ) जेष्ठ नागरिक जसलाई आफ्नै घरमा स्वास्थ्य सेवा लिन आवश्यक पर्दछ।

ङ) अशक्त, असहाय तथा अपाङ्ग, दिर्घरोग, मानसिक रोग लागेका व्यक्ति जसलाई विशेष प्रकारको प्राथमिक तथा पुर्नस्थापना सेवा आवश्यक पर्दछ।

च) हाल घरमा नै प्रदान गरिने सेवाहरुलाई एकीकृत रुपमा प्रदान गर्ने।

## परिच्छेद- ४

## निर्देशन तथा गुणस्तरको सुनिश्चितता तथा अनुगमन

५. निर्देशक समिति, बैठक, र कार्यविधि (१) निर्देशक समिति तपसिल बमोजिम रहनेछः





(क) अध्यक्षः पालिका प्रमुख

(ख) सदस्यः पालिका उपप्रमुख

(ग) सदस्यः मे.सु. आधारभूत अस्पताल

(घ) सदस्यः प्रधानाध्यापक मध्ये पालिका प्रमुखबाट मनोनित महिला समेत-२ जना

(ङ) सदस्यः सामाजिक विकास समितिका संयोजक

(च) सदस्यः स्वयम् सेविका मध्ये पालिका प्रमुखबाट मनोनित-१ जना

(छ) सदस्य सचिबः प्रमुख प्रशासकीय अधिकृत

२) समितिको बैठक अध्यक्षले तोकेको, मिति, समय, र स्थानमा बस्ने छ।

३) समितिको बैठकमा आवश्यकता बमोजिम विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ र समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. निर्देशन समितिको काम, कर्तव्य र अधिकारः

(१) प्रभावकारी सेवाको लागि मार्ग निर्देशन ।

(२) आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

(३) अनुगमन सुपेरिवेक्षण गर्ने वा गराउने।

७. गुणस्तरको सुनिश्चितताः (१) "स्वस्थ घर"मा आधारित स्वास्थ्य सेवाको प्रभावकारिता र गुणस्तरीयताको सुनिश्चितता गर्नका लागि देहाय बमोजिमको गुणस्तर नियन्त्रण समिति हुनेछ।

क) गाउँपालिकाको उपाध्यक्ष- संयोजक

ख) सामाजिक विकास समितिका संयोजक- सदस्य

ग) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

घ) स्थानीय नागरिक समाजको प्रतिनिधि- सदस्य

ङ) स्थानीय अस्पताल वा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको प्रतिनिधि- सदस्य

च) स्थानीय तहको स्वास्थ्य सेवामा काम गर्ने बरिष्ठ नर्सिङ कर्मचारी-सदस्य

छ) स्थानीय तहको स्वास्थ्य शाखाको प्रमुख- सदस्य सचिव

२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि आफ्नो आवश्यकता र अनुककुलताको आधारमा गुणस्तर समितिमा फेरबदल गर्ने अधिकार स्थानीय तहमा निहित रहने छ र आवश्यकता अनुसार गुणस्तर समितिले विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

३) <u>अनुगमन सम्वन्धी व्यवस्था:</u> "स्वस्थ घर" कार्यक्रममा स्वास्थ्य सेवा प्रवाहलाई अनुगमन गर्न समितिले विज्ञहरुको टोलि बनाएर खटाउन सक्नेछ ।

८. <u>"स्वस्थ घर" कार्यक्रम संचालन प्रक्रिया:</u> १. सेवा प्रदायकले घरधुरीमा नै पुगेर सेवा प्रदान गर्ने छन्। सेवा प्रदायकको व्यवस्था अनुसूची-१ अनुसार हुनेछ ।

२. सेवाग्राही र घर परिवारका सदस्यलाई पर्याप्त ज्ञान, शिप र परामर्शको व्यबस्था गरिनेछ।





३. सेवा प्रदायकले अनुसुची-२ बमोजिम सेवा थैली प्रदान गर्दा सेवाग्राहिसँग पूर्व सहमति पश्चात दर्ता गरी परीक्षण गर्ने र आवश्यकता अनुसार प्रयोगशालामा जाँच गरी निदान पश्चात उपचार वा प्रेषण वा परामर्श वा अन्य निकायसँग समन्वय गर्ने।

४. उपदफा (३) बमोजिमको सेवा नपुगी थप सेवा आवश्यकता परेमा सरकारी स्वास्थ्य संस्था वा सम्बन्धित व्यक्तिको बिमामा व्यवस्था भए अनुसार प्रेषण गर्नु पर्नेछ ।

५. स्वास्थ्य संग सम्बन्धित कारकको बारेमा पालिकाअन्तर्गतका विभिन्न शाखा संग समन्वय गरी समाधान गरिनेछ र ति विषयको समाधान गर्नु सबै शाखाहरुको कर्तव्य हुनेछ।

६. विद्यालय, क्याम्पस, टोल बिकास संस्था, धार्मिक संघ संस्था, सरकारी तथा गैर सरकारी संघ संस्था सबैको सहभागितामा यस कार्यक्रमलाई व्यापक रुपमा संचालन गरिनेछ।

९. <u>भौतिक पूर्वाधार, आपूर्ति तथा उपकरण:</u> (१) "स्वस्थ घर" कार्यक्रमको भौतिक पूर्वाधार, आपूर्ति व्यबस्था र उपकरण अनुसूची-३ अनुसार हुनेछ ।

२) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार, आपूर्ति तथा उपकरणको खरिद, व्यवस्थापन प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

१०. <u>जनशक्तिको व्यवस्थापन:</u> (१) उपलब्ध जनशक्तिलाई थप तालिम, प्रोत्साहनको व्यवस्थापन गरी संचालन गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम जनशक्ति अपर्याप्त भएमा र थप विशेषज्ञ जनशक्ति आवश्यक परेमा पालिकाले आफ्नो श्रोत परिचालन गरी प्रचलित कानुनको परिधिमा रही आवश्यक व्यवस्था गर्नेछ ।

११. <u>जनशक्तिको रोष्टर</u> (१) उपलब्ध तथा थप जनशक्ति परिचालन गर्न जनशक्तिको रोष्टर तयार गरिनेछ।

२) चिकित्सक तथा जनस्वास्थ्यकर्मीको रेखदेख र समन्वयमा सेवा प्रदान गरिनेछ ।

३) सेवा प्रदायक स्वास्थ्यकर्मीलाई पर्याप्त अभिमुखीकरण वा तालिमको व्यवस्था गरिनेछ ।

१२. **सेवा ग्राहिको सेवा शुल्कः** सेवाग्राहिलाई कुनै शुल्क लाग्ने छैन।

१३.<u>सेवा सुबिधा सम्बन्धी व्यबस्था</u> (१) कार्यरत स्वास्थ्यकर्मीले "स्वस्थ घर" सेवा प्रदान गरे बापत सम्बन्धित वडामा खटाईएमा दैनिक यातायात खर्च रु.४००, खाजा खर्च रु.२०० गरि जम्मा रु.६०० र सम्बन्धित वडा बाहेकको हकमा नियमानुसार दैनिक भ्रमण भत्ता (७००) र खाजा खर्च बापत रु.२०० प्रदान गरिने छ।

२) उपदफा (१) बाहेक थप जनशक्तिको व्यवस्थापनको हकमा पालिकाको निर्णय बमोजिम प्रचलित नियम कानुन अनुसार हुनेछ ।

३) यातायातको व्यवस्था भएको हकमा थप यातायात खर्च पाउने छैन। आवश्यकता अनुसार थप इन्धनको व्यबस्था गरिनेछ।





१४. <u>क्षमता विकासः</u> यस कार्यक्रममा कार्यरत स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासका तालिम संचालन गर्न सक्ने छ।

१५. <u>सेवा प्रदायकको काम, कर्तव्य, र अधिकारः</u> देहाय बमोजिम हुनेछ ।

१. सेवाग्राहीलाई सेवा प्रदान गर्दा स्वीकृती लिएर मात्र सेवा प्रदान गर्नेछन् ।

२. घर पहिलो अस्पताल, आफु पहिलो चिकित्सक आफ्नो स्वास्थ्य आफ्नै हातमा भन्ने नारालाई व्यबहारमा ल्याउन प्रयत्न गर्नु पर्नेछ।

३. घरमा एक आपसमा आफुबीच परिचारकको कार्य गर्नु पर्नेछ सो सम्भव नभएको अवस्थामा टोल छिमेक र सो पनि नभएको खण्डमा वडा तथा पालिकाले उक्त भूमिकाको निर्वाह गर्नु पर्नेछ ।

४. सेवा प्रदान गर्दा ज्ञान, शिपको भरपुर प्रयोग गर्नु पर्नेछ।

५. स्वास्थ्यका कारक विषयलाई सम्बन्धित पक्षसंग समन्वय र वकालत गर्नु पर्नेछ।

६. नियमानुसारको सेवा सुबिधा प्राप्त गर्ने अधिकार रहनेछ।

७. सेवा प्रदायकले प्रवर्द्धनात्मक स्वास्थ्य सेवामा जोड दिदै व्यक्ति आफै डाक्टर र घर पहिलो अस्पताल भन्ने नारालाई सार्थक बनाउन हरसंभव कार्य गर्नुपर्नेछ ।

८. सेवाप्रदायकको स्वास्थ्य शिक्षा र व्यवहार परिवर्तनका लागि आवश्यक पर्ने सम्पूर्ण ज्ञान, सिप र धारणा परिवर्तन गर्नु/गराउनु पहिलो कर्तव्य हुनेछ ।

९. स्थानीय स्तरमा उत्पादित खाद्यान्नहरुको उपयोग, योग र प्रणायाम, स्वस्थ जिवनयापन गर्न, सुत्ने, उठने बानी, खाना र पानी, व्यक्तिगत तथा वातावरणीय सरसफाई जस्ताः असल व्यवहारहरुको प्रवर्द्धन र चाडबाडमा हुने खाद्यान्नहरुको दुरुपयोग आदीको निरुत्साहन गर्ने गरी स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्नेछ ।

१०. चुरोट तथा जाँड रक्सीको शुन्य प्रयोग र बढदो नसर्ने रोगको जोखिम अवस्थाको व्याख्या गरी स्वास्थ्य शिक्षा प्रदान गर्नु पर्नेछ ।

११. विभिन्न किसिमका स्वास्थ्य प्रणालीहरुको (जस्तैः आयुर्वेदिक चिकित्सा प्रणाली, एलोप्याथी चिकित्सा प्रणाली, युनानी तथा प्राकृतिक चिकित्सा प्रणाली आदि मान्यता प्राप्त चिकित्सा प्रणाली) बारेमा वैकल्पिक प्रयोग/समयानुकूल प्रयोग गर्नेगरी स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्नेछ ।

१२. "स्वस्थ घर" कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य सेवामा नियमित रुपमा समायोजन गर्न मिल्ने कार्यक्रमहरुको अभिलेख तथा प्रतिवेदन नियमित रुपमा गर्ने प्रतिवेदनमा समेत समावेश गर्नुपर्नेछ ।





१३. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रदायकले प्रवर्द्धनात्मक स्वास्थ्य सेवा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

१६. <u>कार्यक्रम संचालन उपसमितिः</u> (१) पालिकामा तपसिल बमोजिम संचालन उपसमिति हुनेछः

क) अध्यक्षः स्वास्थ्य शाखा प्रमुख
ख) सदस्यः स्थानीय अस्पताल प्रमुख
ग) सदस्यः मेडिकल स्टोर प्रमुख
घ) सदस्यः कम्प्युटर अपरेटर
ङ) सदस्य सचिवः तोकिएको फोकल व्यक्ति

२) समितिको बैठक अध्यक्षले तोकेको, मिति, समय, र स्थान मा बस्नेछ।

३) समितिको बैठकमा आवश्यकता बमोजिम बिषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. <u>कार्यक्रम संचालन उपसमितिको काम कर्तब्य अधिकारः</u>

(१) प्रभावकारी सेवा संचालन गर्ने।

(२) कार्य संचालनमा देखिएका समस्या समाधान गर्ने।

(३) आफ्नो तहबाट समाधान हुन नसकेमा तत्काल निर्देशन समितिमा पेश गरी समाधान गर्ने।

१८. <u>अनुगमन तथा मूल्यांकनः</u> (१) पालिकाबाट दुई महिनामा बिज्ञ सहितको टोलिले अनुगमन गर्नेछ।

(२) नियमित मासिक समिक्षामा आन्तरिक मुल्यांकन गरिनेछ।

(३) अनुगमन र मुल्यांकन गर्दा जनशक्ति, आपूर्ति व्यवस्थापन, नियमित शुचकमा भएको फेर बदल र सेवाग्राहीको सन्तुष्टीलाई आधार मान्नु पर्नेछ ।

१९.<u>अभिलेख र प्रतिवेदनः</u> दोहोरो नहुने गरी, राष्ट्रिय अभिलेख र प्रतिवेदनलाई सहयोग पुग्ने गरी अनुसूची-४ बमोजिम अभिलेख र प्रतिबेदन गरिनेछ।

२०. <u>बजेटको ब्यबस्थाः</u> (१) पालिकाबाट स्वीकृत बजेटको परिधिमा रही कार्यक्रम संचालन गरिनेछ।

(२) कार्यक्रमको उद्देश्य पुरा गर्नको लागि पर्याप्त बजेटको व्यबस्था सकेसम्म स्थानीय वा उपलब्ध वाह्य श्रोतलाई प्रयोग गर्न सकिनेछ।

२१.<u>गोपनियता सम्बन्धी ब्यबस्थाः</u> सेवाग्रहिको अवस्था, घरको अवस्था, उपचार विधि लगायतका सम्पूर्ण सुचना गोप्य राख्खु पर्नेछ ।

२२.<u>संसोधनको व्यवस्थाः</u> सेवाग्राहीको आवश्यकता अनुसार पालिकाले यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## दफा ८ को उपदफा (१) संग सम्बन्धित

**सेवा प्रदायकको व्यवस्था**

| क्र स. | स्वास्थ्यकर्मी | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विशेषज्ञस्वास्थ्यकर्मी/ | चिकित्सक | | आवश्यकता |





| | | | | |
|---|---|---|---|---|
| | | विशेषज्ञ/ | | अनुसार |
| २ | जनस्वास्थ्य प्यारामेडिक्स/ | जनस्वास्थ्य निरीक्षक | | अनिवार्य |
| ३ | नर्सिङ | नर्सिङ | | अनिवार्य |
| ४ | प्रयोगशाला | ल्याव | | अनिवार्य |
| ५ | जनप्रतिनिधि | स्थानीय वडा अध्यक्षसदस्य/ | | सहयोग सहजीकरण/ |

## अनुसूची-२

## दफा ८ को उपदफा (३) संग सम्बन्धित

**आधारभूत स्वास्थ्य सेवा**

| क्रस. | सेवा | कैफियत |
|---|---|---|
| १ | <u>सामान्य जाँचः</u> स्वास्थ्य परीक्षण, निदान, उपचार, परामर्श र प्रेषण गर्ने। <u>महिला स्वास्थ्य परीक्षणः</u> पाठेघर/स्तन क्यान्सरको जाँच, परीक्षण र परामर्श।<br><u>प्रयोगशाला परीक्षणः</u> सुगर, हेमोग्लोबिन, क्षयरोग, पिसावको जाँच, अन्य रोग सम्बन्धी जाँच गरिने।<br><u>व्यवहार परिवर्तनको लागि अभ्यासः</u> मुखको स्वास्थ्य, हात धुनेसरसफाई/, व्यायामयोग /ध्यान/ अभ्यास ।<br><u>पोषण ज्ञान र परामर्शः</u> स्थानीय रैथाने खाद्यान्न बारे जानकारी र प्रयोग विधि।<br><u>करेसाबारी व्यवस्थापनः</u> मौसम अनुसारको बिउबीज र करेसाबारीको लागि प्रोत्साहन लामखुट्टे | स्वीकृत प्रोटोकल |

| | | |
|---|---|---|
| | झिङ्गा भुसुना आदिको नियन्त्रणको लागि खोज र नष्ट गर अभियानको साथमा एकीकृत व्यवस्थापन गर्ने<br>**पारिवारिक सदभाव र मनोसामाजिक परामर्शः** आवश्यकता अनुसार मनोसामाजिक परामर्श र प्रेषण प्रदान गर्ने।<br>**राहत सहयोगः** स्वास्थ्य सम्बन्धी उपलब्ध राहत प्रदान गर्ने र आवश्यकता अनुसार समन्वय गर्ने।<br>**महामारीको पूर्वतयारीः** घरायसी तहमा महामारीको रोकथाम र पूर्वतयारीको बारेमा जानकारी र सहजीकरण गर्ने।<br>**डढेलो नियन्त्रणः** डढेलो पछि हुने वातावरणीय क्षति, वायु प्रदुषण र वन्यजन्तु विनाशको वारेमा सचेतना मूलक अभियान गर्ने।<br>**अन्यः** घरायसी तहको विशिष्टकृत स्वास्थ्य सम्बन्धी व्यवहार, पहिचान गरी दस्तावेजीकरण गर्ने र राम्रा व्यवहारहरुको प्रवर्द्धन गर्ने। स्वास्थ्य सम्बन्धी व्यक्ति विशेषका चाहना आवश्यकतालाई प्राथमिकताका साथ पहिचान गरी समाधानको लागि प्रयास गर्ने। | |
| २ | **स्वस्थ भान्साः** सन्तुलित पोषणयुक्त खाद्यवस्तु तयारीको लागि सफा भान्सा, भाडाकुडा, भण्डारण, प्रयोग विधि बारे ज्ञान सीप प्रदान गरी स्थानीय रैथाने खाद्य परिकार, वस्तुको उपयोग जस्तैः कोदो, जौ, गहु, फापर, मकै, चामल, गेडागुडी, | |





| | | |
|---|---|---|
| | सागसब्जी आदिको महत्व र प्रयोग बारे जानकारी वा प्रदर्शन विधिबाट ज्ञान र सीप प्रदान गरी स्वावलम्बी बन्न सहजीकरण गर्ने। | |

## अनुसूची-३
## दफा ९ को उपदफा (१) संग सम्बन्धित
## भौतिक पूर्वाधार, आपूर्ति व्यबस्था र उपकरण

| क्रस. | भौतिक पूर्वाधार, आपूर्ति ब्यबस्था र उपकरण | कैफियत |
|---|---|---|
| १ | बिपी सेटथान २-, थर्मोमिटरवटा २-, टर्चलाइट २-वटा, टङ्गडिप्रेसर, प्रयोगशालाको १ उपकरण, किट आवश्यकता अनुसार, उचाई र तौल मेशिन १-थान, औषधि आवश्यकता अनुसार | |
| २ | मूलदर्ता रजिष्टर१-, सेवा रजिस्टर१-, प्रेषण पत्र, प्रश्नावली सेट१-, अन्य फर्म फर्मेट | |

आज्ञाले
सुदर्शन भट्टराई
प्रमख प्रशासकीय अधिकत